जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २३ २०७७ साल साउन ३० गते शुक्रबार (14 Aug 2020 Friday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वत: बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : तिलाठी कोइलाडीको ... ३ पृष्ठमा : संक्रमणसँगै मृत्युको ... ३ पृष्ठमा :भारतमा एकै दिन ६७ हजार ...

## सप्तरीमा थप १० जना कोरोना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

सप्तरीमा बिहीबार साझ थप १० जना कोरोना संक्रमित थपिएका छन् । राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालले विहिवार साझ सार्वजनिक गरेको रिपोर्टमा १० जना नयाँ संक्रमित थपिएको जनाएको छ ।

योसँगै सप्तरीमा कोरोना संक्रमितको संख्या ६ सय २७ पुगेको छ भने मृतको संख्या ३ रहेको छ ।

संक्रमित सबै राजविराज नगरपालिकाकै हुन् । जसमध्ये राजविराज वडा नं. ५ का ३, ७, १५, ११, २६, ५५ र ६३ वर्षका पुरुष तथा ३७ वर्षीया महिला तथा राजविराज ७ का ३५ वर्षिय र वडा नं. ११ का ४४ वर्षिय पुरुष कोरोना संक्रमित भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि विहिवार आएको २३ जनाको रिपोर्टमा विष्णुपुर गाउँपालिका २ का ३२ वर्षिय पुरुषमा कोरोना पोजेटिभ देखिएको थियो ।

## जिल्ला प्रशासन कार्यालय सिरहाको सम्पूर्ण सेवा अनिश्चितकालिन बन्द

**दैनिक समाचारदाता**
**सिरहा, २९ साउन ।**

जिल्ला प्रशासन कार्यालय सिरहाले शान्ति सुरक्षा, मुद्दा र ठाडो उजुरीबाहेक सम्पूर्ण सेवा अनिश्चिकालका लागि बन्द गरेको छ ।

कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएपछि सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँणेलले सूचना प्रकाशित गरी सम्पूर्ण सेवा अनिश्चितकालिन बन्द गरेका जनाइएको छ ।

प्रशासन कार्यालयका एक कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएपछि अर्को सूचना जारी नहुञ्जेलसम्मका लागि शान्ति सुरक्षा, मुद्दा र ठाडो उजुरीबाहेक सम्पूर्ण सेवा बन्द गरिएको प्रजिअ कँणेलले जानकारी दिएका छन् ।

## आठ स्थानिय तह बन्द

**दैनिक समाचारदाता**
**सिरहा, २९ साउन ।**

कोरोना संक्रमण बढ्दै गएपछि सिरहाको आठ स्थानीय तहले साउन ३२ गतेसम्म लकडाउन गरेको छ ।

पछिल्लोपटक सिरहाको सुखीपुर नगरपालिका तथा भगवानपुर र विष्णुपुर गाउँपालिकाले छुट्टाछुटै सूचना प्रकाशित गरी बिहीबारदेखि साउन ३२ गतेराति १२ बजेसम्म आआफ्नो पालिकाभित्र लकडाउन गरेको जनाएको छ ।

कोरोना सङ्क्रमित बढ्दै गएकाले समुदायस्तरमा सङ्क्रमण फैलिने सम्भावनालाई दृष्टिगत गरी लकडाउन गरिएको ती पालिकाले जनाएको छ ।

भिडभाड हुने हाटबजार क्षेत्र, पसल, होटल र जनसम्पर्क अधिक

***बाँकी अन्तिम पृष्ठमा***

## पत्रकार बानियाँको मृत्युबारे अनुसन्धान गर्न प्रेस युनियनको माग

काठमाडौँ, २९ साउन (रासस) ।

नेपाल प्रेस युनियनले कान्तिपुर दैनिकका सहायक सम्पादक बलराम बानियाँको मृत्युरबारे गहिरो अनुसन्धान गर्न माग गरेको छ । युनियनका महासचिव अजयबाबु शिवाकोटीले बुधबार शोक विज्ञप्ति जारी गरी नेपाल प्रेस युनियनका महाधिवेशन प्रतिनिधिसमेत रहेका बानियाँको मृत्युसँग जोडिएका सबै पक्षको गहिरो अनुसन्धान गरी सत्यतथ्य बाहिर ल्याउन माग गर्नुभएको छ ।

"अनुहारमा गहिरो चोट लागेको अवस्थामा फेला परेका बानियाँको मृत्यु दुर्घटना, आत्महत्या वा हत्याका कारण भएको हो यकिन भएको छैन, यसबारे प्रहरीले गहिरो अनुसन्धान गरी सत्यतथ्य बाहिर ल्याउनुपर्छ", महासचिव शिवाकोटीले भन्नुभयो । नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय सचिवसमेत रहनुभएका बानियाँको मृत्युको खबरले नेपाल प्रेस युनियन मर्माहत भएको बताइएको छ । दु:खद् घडीमा पत्रकार बानियाँप्रति हार्दिक श्रद्धाञ्जलि प्रकट गर्दै शोकसन्तप्त परिवारजनमा प्रेस युनियनले हार्दिक समवेदना प्रकट गरेको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
राजविराज, सप्तरी

प.सं. :२०७७/०७८ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८३२
०३१-५२०१०४
फ्याक्स : ०३१-५२०६२४

मिति: २०७७/०४/२९

### सूचना । सूचना ॥ सूचना ॥।

नेपाल सरकार (मन्त्री परिषद) को मिति २०७७/०४/२६ गतेको निर्णय अनुसार नेपालभरी १० (दश) वटा नाकाबाट मात्र आवत जावत गर्न मिल्ने गरी प्रवेश विन्दु सम्बन्धि व्यवस्था मिलाई बाँकी अरु सबै नाकामा आवत जावत सञ्चालनमा रोक लगाईएको हुदाँ सोहि निर्णय बमोजिम यस जिल्लामा आवत जावतका लागी सञ्चालनमा रहेको कुनौली नाका पनि बन्द गरिएको हुँदा सर्वसाधारणको जानकारीको लागी. यो सूचना प्रकाशित गरिएको छ ।

२०७७/४/२९
जय कुमार घिमिरे
प्र.जि.अ.




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
prabhu Money Transfer
IME International Money Express
CITY EXPRESS
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय ....

# राहत होइन्, आफै केही गरौं

कोरोना महामारीको समयमा अहिले गरिब तथा अतिविपन्न समुदायका परिवारहरु अहिले बिचल्लीमा परेका छ । सबैथोक बन्द रहेको अवस्थामा उनीहरुको दैनिकी जिवन कष्ठकर बन्दै गएको छ । यस्तो बेलामा स्थानिय तहलगायत प्रदेश सरकारले केही महिनाअघि राहत बितरण गरेको थियो । तर, सो राहत केही दिनका लागि मात्र थियो । ती परिवार राहतका समाग्रिहरु सकिएपछि दुईछाक टार्न पुनः राहत लिएर आउने आशमा आँखा टुलटुलाई रहेका छन् । अहिले उनीहरुलाई सहयोग गर्ने हात समेत बन्द भएका छन् ।

हुन पनि किन बन्द नहोस् । झण्डै पाँच महिनाको यस महामारीको अवधीमा सहयोगि हातहरुले कतिको घरमा चुल्हो बाल्न सहयोग गर्न सक्छन् त ! ती सहयोगि हातहरुले पनि कुनै डोनर संस्था वा व्यक्तिबाट रकम लिएर राहतका समाग्रिहरु खरीद गरेर बितरण गर्छन् । राहत भनेकै अल्पकालिन हो । यो दिर्घकालिन हुनै सक्दैन् । यसका लागि आफैले कुनै उपाय गरेर जिवन चलाउन सक्नु पर्ने हुन्छ ।

तसर्थ अब, राहतको पखाईमा नभएर आफै कुनै रोगारी गरेर गुजारा चलाउन सक्नु पर्ने क्षमता अभिबृद्धी गर्नुपर्दछ । यसका लागि स्थानिय तहले सहयोग गर्नुपर्ने देखिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तिलाठी कोइलाडीको छुट्टै आइसोलेशन

**नानीमैया कटवाल**
सप्तरी, २९ साउन (रासस) ।

कोरोना भाइरसका सङ्क्रमितलाई व्यवस्थापन गर्न सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले आइसोलेशन केन्द्र निर्माण गरी सञ्चालनमा ल्याएको छ ।

तिलाठी कोइलाडी-२ लौनियामा तीव्ररूपमा सङ्क्रमण फैलिएसँगै राजविराजस्थित आइसोलेशन केन्द्रमा सङ्क्रमित व्यवस्थापनमा समस्या हुन थालेपछि गाउँपालिकाले आफ्नो तहको आइसोलेशन केन्द्र सञ्चालनमा ल्याएको हो । नौ नगरपालिका र नौ गाउँपालिका रहेको सप्तरीमा आइसोलेशन केन्द्र सञ्चालनमा ल्याउने तिलाठी कोइलाडी गाउँपालिका एकमात्र स्थानीय तह हो । जिल्लास्तरिय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रमा दुईपटक निर्णय भए पनि अन्य स्थानीय तहले आइसोलेशन सञ्चालनमा चासो नदिएपछि बुधबार पुनःबसेको बैठकमा समेत अन्य स्थानीय तहले छुट्टै आइसोलेशन सञ्चालन गर्न रुचि देखाएनन् ।

बैठकले छुट्टै आइसोलेशन सञ्चालनमा ल्याउने रुचि नदेखाए पनि जिल्लामा थप एक स्थानमा न्यूनतम १०० शचयाको आइसोलेशन केन्द्र सञ्चालन गर्ने निर्णय भने गरेको छ । सोका लागि पाँच दिनभित्र उपयुक्त स्थान खोजी गर्न एक समिति गठन गरिएको बैठकमा सहभागी नेकपाका सुखराम यादवले जानकारी दिनुभयो । स्थानीय तहले बिरामीको अनुपातमा खर्च बेहोर्ने तर व्यवस्थापनको जिम्मेवारीमा नअल्मलिने अडान राखेपछि आइसोलेशन सञ्चालन हुने ठाउँको स्थानीय तहले व्यवस्थापनको जिम्मा लिने तर खर्च सबै स्थानीय तहले बेहोर्ने गरी निर्णय भएको छ ।

अन्य स्थानीय तहले छुट्टै आइसोलेशन सञ्चालनमा नल्याए पनि तिलाठी कोइलाडी गाउँपालिकाले वडा नं २ स्थित पब्लिक उच्च माध्यमिक विद्यालय लौनियामा आइसोलेशन केन्द्र सञ्चालनमा ल्याएको गाउँपालिका अध्यक्ष सतिषकुमार सिंहले जानकारी दिनुभयो । हाल उक्त आइसोलेशन केन्द्रमा ३४ जना सङ्क्रमितलाई राखिएको छ ।

गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झाकाअनुसार ५० शचयाको आइसोलेशन केन्द्रमा अहिले ३४ जना सङ्क्रमितलाई दुई जना स्वास्थ्य सहायकको निगरानीमा राखिएको छ । तातो पानी पिउन हरेक कोठामा इलेक्ट्रिक जग राखिएको आइसोलेशन केन्द्रमा नियमित सरसफाइ हुने गरेको जानकारी दिँदै उहाँले सो क्षेत्रलाई सुरक्षा प्रदान गर्न नेपाली सेनाका ११ जना खटिएको बताउनुभयो । सङ्क्रमितलाई बिहान ८ बजे एक पोका बिस्कुट, एक गिलास दूध र दुई वटा अण्डा, ११ बजे सादा खाना, ३:३० बजे नास्ता र राति ८ बजे सादा खाना, दुई वटा अण्डा र एक गिलास दूध दिने गरिएको उहाँले बताउनुभयो ।

सङ्घीय सरकारले क्वारेन्टिन व्यवस्थापनको जिम्मा स्थानीय तह र आइसोलेशनको जिम्मा प्रदेश सरकारको हुने कार्यविधि बनाएको थियो । सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि राजविराजमा रहेको एकमात्र साइकृष्ण हस्पिटल एण्ड मेडिकल कलेजको आइसोलेशन केन्द्रमा व्यवस्थापन गर्न समस्या देखिएपछि जिल्लास्तरिय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकबाट सबै स्थानीय तहले आइसोलेशन केन्द्र सञ्चालन गर्ने र सोका लागि राजनीतिक दलका जिल्ला नेताले पहल गर्ने निर्णय भएको थियो ।

राजनीतिक दलका नेताको प्रयाससमेत असफल भएपछि अब जिल्लाको कुनै एक वा दुई स्थानमा सबै स्थानीय तहले खर्च बेहोर्ने गरी न्यूनतम १०० शचयाका आइसोलेशन सञ्चालनमा आउने भएको छ । अधिकांश स्थानीय तहका प्रमुखले आइसोलेशन सञ्चालनको जिम्मेवारी सङ्घीय र प्रदेश सरकारको भएको भनी पन्छिँदै आएका थिए । कोरोना सङ्क्रमित बढ्ने सम्भावना देखिएपछि लक्षण नदेखिएका सङ्क्रमितलाई स्थानीय तहको आइसोलेशन केन्द्रमा र लक्षण देखिएका सङ्क्रमितलाई राजविराजस्थित आइसोलेशन केन्द्रमा राख्ने योजना भए पनि तिलाठी कोइलाडीबाहेक अन्य स्थानीय तहले आइसोलेशन सञ्चालन नगरेपछि पुनःसबै स्थानीय तहका प्रमुखसमेत बसेर छुट्टै निर्णय गरिएको जिल्ला प्रशासन कार्यालय, सप्तरीका प्रशासकीय अधिकृत एवं सूचना अधिकारी आनन्द ठाकुरले जानकारी दिनुभयो ।

शहरका सम्पन्न परिवारमा होम आइसोलेशनमा बस्ने व्यवस्था भए पनि गाउँघरमा होम आइसोलेशनको सम्भावना न्यून रहेकाले सङ्क्रमितलाई निगरानीका साथ आइसोलेशन केन्द्रमा राख्नुपर्ने आवश्यकताबमोजिम थप आइसोलेशन केन्द्र सञ्चालन गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यले जानकारी दिनुभयो ।

"आइसोलेशनको र शचाको अभाव हुँदा सङ्क्रमित सडकमै रहनुपर्ने वा परिवारमा घुलमिल भएर बस्ने अवस्था देखियो", नेकपाका प्रदेश कमिटी सदस्य यादवले भन्नुभयो, "यसले सङ्क्रमण फैलिएर समुदाय थप असुरक्षित बन्ने अवस्था आएकाले उपयुक्त स्थानमा आइसोलेशन केन्द्र थप गर्न राजनीतिक दल र स्थानीय तहका प्रमुख सहमत भएको बताउनुभयो । सङ्क्रमित आइसोलेशनमा भर्ना हुन नपाउँदा परिवार र समुदाय नै त्रसित बन्नुपरेको बताउनुहुँदै नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश यादवले जटिल अवस्थाको हल गर्न तीनै तहको सरकार जिम्मेवार र सक्रिय हुनुपर्ने बताउनुभयो ।

"शैक्षिक संस्थामा सञ्चालन गरिएको सबै क्वारेन्टिन तत्काल हटाउनसक्ने अवस्था छैन्", प्रशासकीय अधिकृत ठाकुरले भन्नुभयो, "राजविराजस्थित आइसोलेशन केन्द्र भरिँदै गएकाले सङ्क्रमितलाई व्यवस्थापन गर्न समस्या भएपछि थप आइसोलेशन केन्द्र सञ्चालन गर्नुपर्ने अवस्था छ ।"

राजविराजस्थित आइसोलेशन केन्द्रमा हाल १० महिला र ७३ पुरुष गरी ८३ जना सङ्क्रमित रहेका छन् । सो आइसोलेशन केन्द्रबाट ४२ महिलासहित ४२४ जना निको भई घर फर्किएको डाक्टर रणजीतकुमार झाले जानकारी दिनुभयो । निको भई घर पठाउन थालिएको बताउनुभयो । सप्तरीमा सङ्क्रमितको सङ्ख्या ६१६ जना पुगेकामा तीन जना पुरुषको मृत्यु भएको छ । सबैभन्दा बढी १४२ जना सङ्क्रमित राजविराज नगरपालिकाका पुगेका छन् । त्यसपछि तिलाठी कोइलाडी गाउँपालिकामा ८९ र हनुमाननगर कङ्कालिनी नगरपालिकामा ६६ जना सङ्क्रमित पुष्टि भएका छन् ।

**परीक्षणमा ढिलाइ**

सप्तरी र सिरहा जिल्लामा स्वाब सङ्कलनको तुलनामा परीक्षण ढिलो हुँदा एकहजार ४२ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।स्वास्थ्य कार्यालय सप्तरीको तथ्यांकअनुसार एक हजार ४२ जनाको रिपोर्ट आउन बाँकी छ भने स्वास्थ्य कार्यालय सिरहाको तथ्यांकअनुसार ५२४ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

सप्तरीमा हालसम्म १० हजार २१२ जनाको स्वाब सङ्कलन भएकोमा ९ हजार १७० जनाको स्वाब परीक्षण भएको छ । ती मध्ये ८ हजार ५९४ जनाको रिपोर्ट नेगेटिभ र ५७६ जनाको रिपोर्ट पोजिटिभ आएको स्वास्थ्य कार्यालय सप्तरीका निमित्त प्रमुख दुनियालाल यादवले बताउनुभयो ।

यसैगरी सिरहामा हालसम्म ५ हजार ५२ जनाको स्वाब संकलन भएकोमा ४ हजार ५२८ जनाको स्वाबको पीसीआर परीक्षण भएको छ । यसमा ४ हजार ३०३ जनाको रिपोर्ट नेगेटिभ र २३३ जनाको रिपोर्ट पोजिटिभ आएको स्वास्थ्य कार्यालय सिरहाका निमित्त प्रमुख कृष्णदेव यादवले जानकारी दिनुभयो ।

गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा प्रयोगशाला स्थापना हुनु अघि सप्तरीबाट सङ्कलन गरिएको स्वाब बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा र सिरहा जिल्लाबाट संकलन गरिएको स्वाब परीक्षणका लागि जनकपुर र काठमाडौं पठाइने गरिएको थियो । कोशी अस्पताल विराटनगर, वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामको प्रयोगशालामा केही स्वाव पठाइने गरे पनि राजविराजमा प्रयोगशाला सञ्चालनमा आएपछि सप्तरी र सिरहाको अधिकांश स्वाबको परीक्षण राजविराजमा नै हुने गरेको छ ।

अस्पतालको प्रयोगशालाका प्राविधिक स्वास्थ्यकर्मी राति अबेरसम्म खटेर पीसीआर परीक्षण गरिरहेको जानकारी दिनुहुँदै अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट चिकित्सक रणजितकुमार झाले औसतमा दैनिक तीन सय भन्दा बढीको स्वाब परीक्षण भइरहेको जानकारी दिनुभयो । स्वाब परीक्षणको तुलनामा साउन महिनामा सङ्कलन बढी हुन थालेको छ । नयाँ संक्रमितहरु फेला परे पछि ट्रयाकिङ्ग र ट्रेसिङ्ग गर्दै पिसिआर परीक्षणमा तिब्रता दिनु परेकोले स्वाबहरु बढी सङ्कलन भएको स्वास्थ्य कार्यालय सप्तरीका निमित्त प्रमुख यादवले जानकारी दिनुभयो ।

चिकित्सक झाले क्वारेण्टिनमा बसेका तथा ट्रयाकिङ्ग र ट्रेसिङ्गबाट सङ्कलन गरिएका स्वाव बाहेक आइसोलेशनमा बसेकाहरु र उपचारमा संलग्न स्वास्थ्यकर्मीहरुको पनि पटक-पटक पीसीआर परीक्षण गर्नु परेको बताउनुभयो । पिसिआर परीक्षणको रिपोर्टमा ढिलाइ हुँदा क्वारेण्टिनमा बसेकाहरू थप जोखिम र सकसमा परेको शम्भुनाथ नगरपालिका-२ का ३४ वर्षीय बसिर हुसेनले बताउनु भयो । स्वाब परीक्षण भन्दा संकलन बढी भएकाले रिपोर्ट आउन ढिलाइ भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

"हामीले स्वाब संकलन गरी पीसीआरका लागि पठाएका १०४२ जनाको रिपोर्ट आउन बाँकी छ" स्वास्थ्य कार्यालय सप्तरीका निमित्त प्रमुख यादवले भन्नुभयो, "लामो समय क्वारेण्टिनमा बस्दा थुप्रै गुनासो र दवाब आउने गरेको छ, बाहिर वरिपरीको धरान, विराटनगर र जनकपुरको प्रयोगशालामा समेत पीसीआर परीक्षण गराउने चाप भएकाले पठाउन पाएका छैनौ ।" उहाँका अनुसार, थ्रोट स्वाब नमूना सङ्कलनलाई क्रमशः बढाउँदै लानु पर्ने आवश्यकता छ । रिपोर्ट ढिलो आउँदा सङक्रमण बढ्ने सम्भावना रहेकोले पिसिआर मेशिन र जनशक्ति थप्नु पर्ने स्वास्थ्यकर्मी सन्तोष सिंह बताउँछन् ।

सप्तरीको १८ स्थानीय तहका ४२ क्वारेण्टाइनमा हाल भारत र बाहिरबाट आएका ३६० जना छन् । सप्तरीमा ५८२ सङ्क्रमित पुगेकोमा दुई पुरुषको मृत्यु भइसकेको छ । अहिले राजविराजस्थित साइकृष्ण हस्पिटल एण्ड मेडिकल कलेजको आइसोलेशन केन्द्रमा ८५, तिलाठी कोइलाडी गाउँपालिका-२ स्थित पविमाविको लौनियामा ३४ र होम आइसोलेशनमा ३७ जना गरी १५६ जना आइसोलेशनमा छन् । राजविराजस्थित प्रयोगशालामा बिहीबार पुनः सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका ४, डाक्नेश्वरी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका १/१ जना पुरुष गरी ६ जना सङ्क्रमित थप भएको अस्पतालले जनाएको छ ।

यस्तै सिरहाको १७ ओटा स्थानीय तहमा सञ्चालिन विभिन्न क्वारेण्टिनमा २५ महिलासहित ५४१ जना र होम क्वारेण्टिनमा १५ महिलासहित २७६ जना रहेका छन् । सिरहामा २३३ जना सङ्क्रमित पुगेकोमा एक पुरुषको मृत्यु भएको छ । सिरहा अस्पतालमा १२ र महेन्द्र गेनाइ अस्पतालको आइसोलेशनमा सात जना सङ्क्रमित छन् । राजविराजस्थित प्रयोगशालामा बिहीबार पुनः सिरहा सुखीपुर नगरपालिकाका आठ जनामा सङ्क्रमित देखिएको अस्पतालले जनाएको छ ।

# संक्रमणसँगै मृत्युको बढ्दो ग्राफ

काठमाडौँ, २९ साउन (रासस)।

मुलुकमा कोभिड-१९ को सङ्क्रमणसँगै मृत्युको ग्राफ क्रमशः बढ्दै गएको छ। बुधबार एकै दिन कोरोनाका कारण आठ जनाले ज्यान गुमाए। बिहीबार चार जनाले ज्यान गुमाएका छन्।

यही साउन २२ देखि २९ गतेसम्मको आठ दिनमा मात्रै कोभिड-१९ सङक्रमित ३५ को मृत्यु भएको छ। यससँगै हालसम्म ९५ जनाको मृत्यु भइसकेको छ। कोभिड-१९ ले विगतमा फाट्टफुट्ट रुपमा मानिसको मृत्यु भएकामा साउन लागेपछि दैनिक रुपमा तीनदेखि आठ जनासम्मको ज्यान गएको छ।

विश्वको तुलनामा नेपालको मृत्युदर अत्यन्त न्यून भए पनि पछिल्ला तथ्याङ्कले मृत्युदर बढ्दो देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले बताउनुभयो। उहाँका अनुसार मृत्यु भएकामध्ये ५० प्रतिशत मधुमेह, अर्बुदरोग, फोक्सो र मिर्गौलारोगी रहेको र ५० प्रतिशत भने निरोग व्यक्ति छन्।

नेपालमा सङ्क्रमितमध्ये झण्डै शून्य दशमलव ४ प्रतिशत मृत्युदर छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार कोभिड-१९ को मृत्यु दर विश्वमा तीन प्रतिशत छ। कतिपय मुलुकमा तीन प्रतिशत माथि पुगेको छ। तथ्याङ्क हेर्दा मुलुकमा सङ्क्रमणसँगै मृत्युदर पनि क्रमशः बढ्दो छ। पछिल्लो एक साताको विवरण केलाउँदा बढ्दो ग्राफको प्रष्ट तस्वीर पाइन्छ। साउन २१ देखि २८ सम्म तीन हजार २० नयाँ सङ्क्रमित फेला परे। काठमाडौँ उपत्यकामा मात्रै एक सातामा ६६६ नयाँ सङ्क्रमित भेटिए। उपत्यकाका तीन जिल्लाका सङ्क्रमितमध्ये झण्डै ९० प्रतिशत काठमाडौँ जिल्लाका छन्। यी विवरणले क्रमशः कोभिड-१९ को जोखिम उच्च वृद्धि भइरहेको देखाउँछ।

मन्त्रालयका अनुसार अहिले मुलुक दोस्रो तहको सङ्क्रमणमा छ। "निश्चिम क्षेत्रमा महामारीका रुपमा कोभिड-१९ फैलिएको छ, अझै नियन्त्रण बाहिर गएको छैन", मन्त्रालयका प्रवक्ता डा गौतमले भन्नुभयो, "काठमाडौँसहित पर्सा, रौतहट र महोत्तरी जिल्लामा कोभिड-१९ महामारीका रुपमा देखिन्छ, त्यसपछि दोस्रामा मोरङ, बाँकेलगायत केही जिल्ला छन्।" उहाँले मानिसले स्वास्थ्य मापदण्ड नअपनाउँदा जोखिम बढेको बताउनुभयो। दुई मिटर दूरी कायम गरेर नियमित मास्क मात्रै लगाउने हो भने पनि ९६ प्रतिशत सङ्क्रमण रोक्न सकिने जनस्वास्थ्य विज्ञको भनाइ छ। "जनस्वास्थ्यको मापदण्ड नै फलो नगर्ने, भीडभाड बढाउने, टेर्दै नटेर्ने, अनि कसरी सङ्क्रमण रोक्न सकिन्छ", डा गौतमले आक्रोशपूर्ण रुपमा भन्नुभयो।

जोखिम बढेपछि सरकारले अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन र निस्किएमा पनि स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर मात्रै हिँड्न भनेको छ। मुलुकभर बन्दाबन्दी घोषणा नगरिए पनि सरकारले सङ्क्रमण रोक्न अन्तरराष्ट्रिय सीमा नाका आवागमन रोक्नेदेखि अन्य आवश्यक निर्णय गर्दै आएको छ। आफ्नो सीमा क्षेत्रमा निर्णय गर्ने अधिकार स्थानीय तह र जिल्ला प्रशासनलाई दिइएको छ। सोहीअनुसार कतिपय जिल्ला र स्थानीय तहले आआफ्नै ढङ्गले जोखिम विश्लेषण गरी सिल गर्नेदेखि निषेधाज्ञा र लकडाउनसम्मका निर्णय गर्न थालेको छ।

**एक हप्ताको सङ्क्रमण र मृत्युको अवस्था**

साउन २२ देखि २८ सम्म एकसाताका अवधिमा मात्रै ३१ जनाले ज्यान गुमाएका छन्। बिहीबार थप चार जनाले ज्यान गुमाए। साउन २८ गते ४६४ जना नयाँ पोजेटिभ देखिँदा त्यसमा १३९ जना काठमाडौँ उपत्यकाका थिए। त्यसमा पनि १०९ जना काठमाडौँ जिल्लाका भेटिए। धनुषाका दुई तथा काठमाडौँ, धादिङ, सप्तरी, मोरङ, कपिलवस्तु र बाराका एकएक गरी बुधबार एकै दिन सबैभन्दा बढी आठ जनाले ज्यान गुमाए। बिहीबारसम्म ९५ जना नेपालीले कोरोनाबाट ज्यान गुमाइसकेका छन्। साउन २७ गते ६३८ नयाँ सङ्क्रमित थपिएकामा उपचारका क्रममा रहेका काभ्रेपलाञ्चोक, धनुषा, सिन्धुपाल्चोकका गरी चार जनाको मृत्यु भयो। उपत्यकामा १३६ नयाँ सङ्क्रमित भेटिए।

साउन २६ गते चार जनाले ज्यान गुमाए। त्यस दिन ३३८ नयाँ संक्रमितमध्ये ४४ जना उपत्यकाका थिए। साउन २५ गते ३८० जनामा देखिँदा उपत्यकाका ९२ जना थिए। त्यस दिन दुई जनाले ज्यान गुमाए। साउन २४ गते ३७८ जना मध्ये उपत्यकामा ६२ जनामा देखियो। त्यस दिन तीन जनाले ज्यान गुमाए। साउन २३ मा ४६२ जनामा देखिएको थियो। उपत्यकामा मात्रै १०६ जना भेटिए। त्यस दिन पाँच जनाको मृत्यु भएको थियो।

साउन २२ गते ३७० जना सङ्क्रमित हुँदा उपत्यकामा ८७ जना थिए। त्यस दिन पनि पाँच जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। बिहीबार मात्रै ५२५ नयाँ सङ्क्रमित थपिए। हालसम्म झण्डै २५ हजार सङ्क्रमित फेला परेका छन्। मुलुकमा उपचारपछि निको भएको दर भने आशालाग्दो छ। स्वास्थ्य मन्त्रालयका अनुसार निको हुने दर ६८ दशमलव ५ प्रतिशत छ। अहिले सरकार परीक्षणको दायरा बढाउँदै दैनिक १० हजार जनाको पिसिआर परीक्षण गर्न सक्ने अवस्थामा पुगेको छ।

**प्रदेश नं २ मा बढी मृत्यु**

प्राप्त विवरणमा कोभिड-१९ का कारण सबैभन्दा बढी मानवीय क्षति प्रदेश नं २ मा भएको छ। बिहीबारसम्मको विवरणमा प्रदेश नं २ मा ३९ जनाको ज्यान गएको मन्त्रालयले जनाएको छ। त्यसपछि दोस्रामा वाग्मती प्रदेशमा १८ जनाले ज्यान गुमाएका छन्। प्रदेश नं १ मा आठ, गण्डकी प्रदेशमा ६, प्रदेश नं ५ मा १२, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा आठ जनाको मृत्यु भएको छ।

लकडाउन समाप्पिछि परीक्षण गरिएकामध्ये पोजेटभ प्रतिशतसमेत केही वृद्धि भएको छ। साउन ७ गते लकडाउनको अन्त्य हुँदा परीक्षण गरिएकामध्ये ४ दशमलव २२ प्रतिशत पोजेटिभ देखिएको थियो। साउन २७ मा ६ दशमलव १० प्रतिशत रहेकामा साउन २८ मा ४ दशमलव ६२ प्रतिशत पोजेटिभ देखिए।

**उच्च सावधानी अपनाइँदै**

सङ्क्रमित बढ्न थालेपछि सरकारले आवश्यक तयारीका साथ उच्च सावधानी अपनाउँदै पुनः कडाइ थालेको छ। गत सोमबारको मन्त्रिपरिषद् बैठकले आगामी भदौ ३१ गतेसम्मका लागि अन्तरराष्ट्रिय सीमा नाकाबाट हुने आवागमन रोकेको छ। यसअघि साउन ३२ गतेसम्मका लागि रोकेको थियो। सङ्क्रमण बढेकाले एक महिना थप भएको हो।

भदौ १ गतेदेखि लामो दूरीका सार्वजनिक यातायात र हवाई सेवा सञ्चालन गर्ने निर्णयलाई पनि परिमार्जन गर्दै भदौ १६ गतेदेखि मात्र सञ्चालन गरिने भएको छ। यस्तै यसअघि साउन १५ देखि सञ्चालन गरिएको होटल तथा रेष्टुराँलाई रोकेर पहिले झैँ खाद्य परिकार लैजान मात्रै पाउने व्यवस्था गरिएको छ।

सक्रिय सङ्क्रमित २०० भन्दा बढी भएका जिल्ला र काठमाडौँ उपत्यकाका सरकारी तथा गैरसरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एव वित्तीय सङ्घसंस्थालगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय, निकाय एवं सङ्घसंस्थाले विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन भनेको छ। यस्तै ५० प्रतिशत कर्मचारी उपस्थित भएर काम गर्नसमेत सरकारले निर्देशन दिएको छ।

मानिसको जमघट, भेटघाट एवं नजिकिने कार्यबाट कोभिड-१९ को सङ्क्रमण बढ्दै गइरहेको हुँदा अत्यावश्यकबाहेक कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, भेलाजस्ता सामूहिक जमघट हुने कार्य नगर्न र नगराउने पहिलेकै निर्णयलाई निरन्तरता दिइएको छ। गृह मन्त्रालयले बुधबार ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरी बिहीबारदेखि लागू हुने गरी तत्काल सवारी पास वितरण बन्द गर्न भनेको छ। फुटपाथ, खुला ठाउँ, ठेला गाडा र साइकलमा सञ्चालन भइरहेका व्यवसायलाई सम्बन्धित स्थानीय प्रशासन र स्थानीय तहले निषेध गर्ने निर्णय पनि भएको छ। उद्योग कलकारखानामा भने आवश्यक स्वास्थ्य मापदण्डअनुसार मात्रै सञ्चालन गर्न पाइने छ।

चीनको उहानमा गत डिसेम्बर ३१ मा देखिएको कोभिड-१९ को सङ्क्रमण नेपालमा समेत देखिएपछि सरकारले गएको चैत ११ गतेदेखि बन्दाबन्दीको आदेश जारी गरेको थियो। झण्डै चार महिनापछि साउन ५ गतेको निर्णयले साउन ६ गते रातिदेखि बन्दाबन्दी अन्त्य भएको थियो। वैशाख र जेठमा अत्यधिक बढेको कोभिड-१९ असारमा केही कमी देखिए पनि साउनमा ह्वात्तै बढेको छ। सङ्क्रमणमा केही कमी आएपछि सरकारले जेठ २९ गते लकडाउनलाई खुकुलो बनाएर आर्थिक गतिविधि चलायमान बनाएको थियो। त्यसको बिहीबार ठीक दुई महिना पुग्दा कोरोना रोकथाम हुनाको सट्टा क्रमशः बढ्दो क्रममा रहेको विवरणले देखाउँछ।

**अझै सचेत छैनन्**

कोभिड-१९ को सङ्क्रमण रोक्न सरकारको मात्रै प्रयासले पुग्दैन, सबै नागरिक पनि सचेत हुनुपर्छ। नेपाल चिकित्सक सङ्घका उपाध्यक्ष डा अनिल कार्की आमसमुदाय चनाखो हुनुपर्ने र आवश्यक स्वास्थ्य मापदण्ड अपनाउनुपर्ने सुझाव दिनुहुन्छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को एक अध्ययनले कोरोनाबाट बच्न करीब ७२ प्रतिशतले मात्रै मास्क लगाउँछन्। त्यसमा पनि ६२ प्रतिशतले मात्रै सही तरिकाले लगाउँछन्।

परिषद्का सदस्य सचिव प्रा डा प्रदीप ज्ञवालीका अनुसार मास्क नलगाउनेको सङ्ख्या झण्डै २८ प्रतिशत छ। मास्कको बेवास्ता गरी लगाउनेको सङ्ख्या २७ दशमलव ३४ प्रतिशत छ। मास्क लगाउनेमध्ये पनि कपडाको मास्क लगाउने १५ दशमलव आठ प्रतिशत पाइए। काठमाडौँ उपत्यकाका २३ सार्वजनिकस्थल तरकारी बजार, सपिङ मल, सरकारी र निजी अस्पताल, बैंक, मालपोत कार्यालय, सार्वजनिक यातायात, होटललगायत क्षेत्रमा उक्त अध्ययन गरिएको थियो। जनस्वास्थ्य मापदण्ड 'एसएमएस', सामाजिक दूरी, मास्कको उचित प्रयोग, सेनिटाइजर र साबुनको प्रयोगबारे सर्वसाधारणमा सर्वेक्षण गरिएको थियो।

# तत्काल त्रिविका परीक्षा नहुने

काठमाडौँ, २९ साउन (रासस)।

त्रिभुवन विश्वविद्यालयले तत्काल परीक्षा सञ्चालन नगर्ने भएको छ। कोभिड -१९ को सङ्क्रमण बढ्न थालेपछि त्रिविले तत्काल परीक्षा नगर्ने भएको परीक्षा नियन्त्रण कार्यालय (पनिका)का परीक्षा नियन्त्रक पुष्पराज जोशीले जानकारी दिनुभयो।

यसअघि बन्दाबन्दी खुलेसँगै पनिकाले आगामी भदौ १६ गतेदेखि सेमेष्टर र असोजको पहिलो हप्तादेखि वार्षिक परीक्षाको तयारी गरेको थियो। "हामीले स्थिति सहज भएपछि परीक्षाको तयारी गरेका थियौँ", उहाँले भन्नुभयो, " तर अहिले फेरि सङ्क्रमण बढिरहेको छ। त्यसैले परीक्षा गर्ने तयारी गरे पनि पुनः स्थगन गरेका छौँ।"त्रिविले सामान्यावस्था भए मात्र परीक्षा चलाउने भएको छ।

परीक्षा नियन्त्रक जोशीले अब हुने परीक्षाको जिम्मा डीन कार्यालयलाई दिइएको जानकारी दिनुभयो। "कस्तो अवस्थामा परीक्षा गर्ने नगर्ने भन्ने जिम्मा डीन कार्यालयलाई दिएका छौँ", उहाँले भन्नुभयो, "सामान्य अवस्था भए पनि डीन कार्यालय नै परीक्षाको तयारी गर्ने छ।" भदौ १ गतेदेखि लामो दूरीका यातायात सञ्चालन भएपछि विद्यार्थी काठमाडौँ आउने र त्यसपछि परीक्षा सञ्चालन गर्ने तयारी गरिएको थियो। कोरोना भाइरसको सङ्क्रमण बढदै गएपछि गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले भदौ १५ गतेसम्मका लागि लामो दूरीका यातायात चल्न नदिने निर्णय गरेको छ।

## विश्व समाचार

# भारतमा एकै दिन ६७ हजार सङ्क्रमित, विश्वभरी दुई करोड नाघे

नयाँदिल्ली, २९ साउन (रासस/एएनआई)।

कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको संख्या भारतमा एकै दिन झण्डै ६७ हजार थप भएको छ।

भारतीय सरकारी अधिकारीहरुले बिहीबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा ६६ हजार ९९९ जना नयाँ सङ्क्रमित भेटिएका हुन्।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोही अवधिमा कम्तीमा ९४२ जनाको कोरोनाकै कारण मृत्यु भएको पनि जनाएको छ। योसँगै भारतका कोरोनाका कारण मृत्यु भएकाहरुको कुल संख्या ४७ हजार ३३ पुगेको छ।

त्यसैगरी भारतमा अहिलेसम्म कुल सङ्क्रमितको संख्या २३ लाख ९६ हजार ६३८ पुगेको अधिकारीहरुले जनाएका छन्। तीमध्ये छ लाख ५३ हजार ६२२ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने १६ लाख ९५ हजार ९८२ जना सङ्क्रमणमुक्त भएका छन्।

अधिकारीहरुका अनुसार सबैभन्दा धेरै महाराष्ट्रमा एक लाख ४७ हजार ८२० जना र दोस्रो धेरै आन्ध्र प्रदेशमा ९० हजार ४२५ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन्।

यसैबीच कोरोना भाइरसका कारण विश्वभरी सङ्क्रमित भएकाहरुको संख्या दुई करोडभन्दा बढी पुगेको छ। पछिल्लो विवरण अनुसार विश्वभरी दुई करोड एक लाख ६२ हजार ४७४ जना सङ्क्रमित भएका हुन्।

कुल सङ्क्रमितमध्ये दुई लाख १४ हजार ९८५ जना पछिल्लो २४ घण्टामा सङ्क्रमित भएका जनाइएको छ। त्यसैगरी चार हजार ८३५ जनाको सोही अवधिमा मृत्यु भएको छ।

योसँगै विश्वभरी कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको संख्या सात लाख ३७ हजार ४१७ पुगेको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले जनाएको छ।

डब्लुएचओले गत मार्च ११ देखि विश्वभरी कोरोनाभाइरसको महामारी फैलिएको घोषणा गरेको थियो।

# भुटानमा राष्ट्रव्यापी लकडाउन

थिम्पु, २९ साउन (रासस/एपी)।

हिमाली मुलुक भुटानले कोरोनाभाइरस नियन्त्रण गर्न भन्दै राष्ट्रव्यापी लकडाउन घोषणा गरेको छ। विदेशबाट फर्किएका तर क्वारेन्टिन पूरा गरेका एक व्यक्तिमा कोरोना संक्रमण देखिएपछि लकडाउन गर्नु परेको सरकारले जनाएको छ।

सरकारले आम नागरिकलाई घरमै बस्न आग्रह गर्दै आदेश जारी गरेको छ। भुटानमा हाल करिब ७ लाख ५० हजार जनसंख्या छ। सरकारी आदेशसँगै भुटानका सबै विद्यालय, कार्यालय र व्यावसायिक संरचनाहरु बन्द गरिएका छन्।

सरकारले लकडाउन पाँच दिनदेखि २१ दिनसम्म जारी रहनेछ। यस अवधिमा सबै संक्रमितको पहिचान गर्ने तथा सबै संक्रमितलाई अलग्याउने जनाउँदै सरकारले यस कार्यबाट भाइरस प्रसारको साङ्लो तोडिने विश्वास लिएको छ।

कुवेतबाट फर्किएकी एक २७ वर्षीया महिलालाई अनिवार्य क्वारेन्टिनमा राखेर घर पठाइएको थियो। तर उनमा सोमबार पुनः परीक्षण गर्दा कोरोना पुष्टी भएको थियो। उनी भुटानका विभिन्न स्थानमा घुमेको सरकारको आशंका छ।

पर्यटन आश्रित मुलुक भुटानले एक अमेरिकी पर्यटकमा कोरोना पुष्टी भएर अस्पताल भर्ना भएलगत्तै गत मार्चमा विदेशी पर्यटकलाई भुटान प्रवेशमा रोक लगाइएको छ। भुटानका सबै ११३ जना संक्रमित व्यक्तिलाई क्वारेन्टिनमा राखिएको थियो।

# अष्ट्रेलियामा बेरोजगारको संख्या अहिलेसम्मकै धेरै दश लाख पुग्यो

क्यानबेरा, अष्ट्रेलिया, २९ साउन (रासस/एएनआई)।

अष्ट्रेलियामा बेरोजगार भएकाहरुको संख्या अहिलेसम्मकै धेरै भएको छ। कोरोनाभाइरसका कारण बेरोजगार भएकाहरुको संख्या दिनप्रतिदिन बढ्दै गएको सरकारी अधिकारीहरुले जानकारी दिएका छन्।

पछिल्लो समय गत जुन र जुलाई महिनामा मात्रै अष्ट्रेलियामा थप १६ हजार जना बेरोजगार भएको तथ्यांक छ।

अष्ट्रेलियाको श्रम विभागका तथ्यांक प्रमुख बोर्न जार्भिसले बिहीबार दिएको जानकारी अनुसार देशभरी बेरोजगार भएकाहरुको संख्या दश लाख नाघेको छ। बेरोजगारहरुको यो संख्या अहिलेसम्मकै सबैभन्दा धेरै भएको पनि उहाँले बताउनुभयो।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले गत मार्च ११ देखि कोरोनाभाइरसको महामारी घोषणा गरेपछि रोजगारी गुमाउनेहरुको संख्या बढेको हो।

संसारभरी अहिलेसम्म दुई करोडभन्दा बढी मानिस कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्। त्यसैगरी सात लाख ४८ हजारभन्दा बढीको मृत्यु भएको छ।

अष्ट्रेलियामा भने कोरोनाबाट अहिलेसम्म २२ हजारभन्दा बढी सङ्क्रमित भएका छन्। ती मध्ये कम्तीमा ३६० जनाको कोरोनाकै कारण मृत्यु भएको छ।

# राहत वितरणमा अनियमितता

लहान, २९ साउन (रासस)।

कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण, रोकथाम तथा राहत वितरणका लागि स्थानीय तहले गरेको खर्चमा अनियमितता भएको भन्दै स्थानीयवासीले छानबिनको माग गरेका छन्।

सिरहाको औरही गाउँपालिकाले कोरोना सङ्क्रमण नियन्त्रण, रोकथाम र राहत वितरणको नाममा अनियमितता गरेको भन्दै स्थानीयवासीले छानबिन गर्न माग गरेका हुन्। औरही गाउँपालिका- ५ स्थित प्राथमिक स्वास्थ्य केन्द्रको भवन अगाडि प्लेकार्डसहित युवाले हिजो प्रदर्शन गर्दै कोरोना भाइरस नियन्त्रणका नाममा ठूलो अनियमितता भएकाले छानबिन गरी दोषीमाथि कारवाही गर्न माग गरेका छन्।

यस्तै कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण तथा रोकथामका नाममा सिरहाको लहान नगरपालिकामा व्यापक अनियमितता भएको भन्दै नेपाली काँग्रेसका नेता महेश चौधरीले सूचना माग गर्नुभएको छ।

नेपाली काँग्रेसका राज्यव्यवस्था समितिका सदस्यसमेत रहनुभएका चौधरीले लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेम भुसालसँग सूचना माग गर्नुभएको हो। सूचनाको हक प्रयोग गरी सूचनाका लागि नगरपालिकामा निवेदन दर्ता गराएको चौधरीले जानकारी दिनुभयो।

कोरोना महामारीका बेला जनप्रतिनिधि र कर्मचारीले लिएको भत्ता नामावलीसहित प्रकाशित गर्न, इन्धन खर्च, क्वारेन्टिन व्यवस्थापनका लागि खरिद गरिएको सामग्रीको खरिद मूल्य र कोरोना नियन्त्रण गर्न गरेको खर्च विवरण खरिद मूल्यसहित सूचना माग गरिएको छ। त्यस्तै कोरोना सङ्क्रमण नियन्त्रण तथा राहत वितरणका बेला बजार मूल्यभन्दा बढीमा समान खरिद गरिएको भन्दै सिरहा नगरपालिकामा केही दिनअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कागजात नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको जनाएको छ।

# काँग्रेस जिल्ला सभापतिको आपत्ति

काठमाडौँ, २९ साउन (रासस)।

नेपाली काँग्रेसका जिल्ला सभापतिले पार्टीको १४औँ महाधिवेशन घोषणा भइसकेको परिस्थितिमा पार्टीका विभिन्न विभागमा मनोनयन गर्नु हास्यास्पद भएको जनाएका छन्।

काठमाडौँ उपत्यकामा उपलब्ध र अन्य माध्यमबाट सम्पर्कमा रहनुभएका काँग्रेसका जिल्ला सभापतिको बुधबार सम्पन्न बैठकले वर्तमान केन्द्रीय समितिलगायत सम्पूर्ण समितिले आफ्नो कार्यकालको अवधि पूरा गरिसकेको अवस्थामा विभागमा अवैधानिक एवं स्वेच्छाचारी ढङ्गले मनोनयन गरिएको आरोप लगाएको छ। बैठकले लामो समय कसैलाई पनि जिम्मेवारी नदिइ स्वेच्छाचारी तवरले सञ्चालन गरी महाधिवेशनको पूर्वसन्ध्यामा गठन भएका विभागलाई अमान्य ठहर गरेको काँग्रेस नुवाकोटका जिल्ला सभापति जगदिश्वरनरसिंह केसीले जानकारी दिनुभयो।

बैठकले केन्द्रीय समितिको बहुमतले उल्टाएका महासमितिको निर्णय अक्षरशः पार्टीको १४औँ महाधिवेशनमा प्रस्तावका रूपमा अगाडि बढाउने निष्कर्षसमेत निकालेको उहाँले बताउनुभयो। जिल्ला सभापतिले पार्टीको कार्यविधिअनुसार समायोजन सम्पन्न भएका डडेल्धुरा, सिन्धुपाल्चोक, सोलुखुम्बुलगायतका जिल्लामा विभिन्न बहानमा रोकिएको क्रियाशील सदस्यता फाराम तत्काल उपलब्ध गराउन माग गर्नुभएको छ।

बैठकले विधानअनुसार तत्काल कारवाही गरिनुपर्नेलाई नगरी महाधिवेशनको कार्यतालिका प्रकाशित भइसकेपछि प्रतिशोधको आधारमा कारवाही गरिएको जनाउँदै त्यस प्रकारका गतिविधि रोक्न नेतृत्वसँग आग्रह गरेको छ। साथै आसन्न १४औँ महाधिवेशनबाट आर्थिक पारदर्शिता, स्पष्ट राजनीतिक दृष्टिकोण, स्थानीय तहसम्मका मतदाताले प्रत्यक्ष अनुभूति गर्ने गरी भावि रणनीतिक योजनासहित नीति तथा नेतृत्व स्थापित गर्ने अभियानको घोषणासमेत गरिएको छ।

यसैगरी पार्टी एकीकरण वा प्रवेश गर्ने समूह वा व्यक्तिको हकमा पार्टीको विधानअनुसार पार्टीको तल्लो तहबाटै क्रियाशील सदस्यता दिने व्यवस्था सुनिश्चित गर्न जिल्ला सभापतिले माग गरेका छन्। बैठकले मुलुकमा भ्रष्टाचार, अनियमितता, कुशासन बढेको, कोरोना नियन्त्रण र व्यवस्थापनमा सरकारले प्रभावकारीरुपमा काम गर्न नसकेको निष्कर्ष निकाल्दै त्यसविरुद्ध सङ्घर्षमा उत्रन आवश्यक निर्णय र निर्देशनका लागि नेतृत्व समक्ष आग्रहसमेत गरेको छ।

## आठ स्थानिय ...

हुने निजी सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीमा समेत सङ्क्रमण देखिएकाले समुदायस्तरमा फैलिनसक्ने सम्भावनालाई मध्यनजर गरी सङ्क्रमण फैलिन नदिन साउन ३२ गतेसम्म नगरक्षेत्रमा लकडाउन गरिएको सुखीपुर नगरपालिकाका प्रमुख रामऔतार यादवले जानकारी दिएका छन्।

सिरहाको १७ स्थानीय तहमध्ये यसअघि सिरहाको लहान, गोलबजार, मिर्चैया, धनगढीमाई र सिरहा नगरपालिकाले साउन ३२ सम्म लकडाउन गरिसकेको छ।


# सूचना

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराउ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **हरेराम यादव**
**अध्यक्ष**
**रूपनी गाउँपालिका, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*